# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६९१८५

टोलफ्रि नं: १६६००११६१८५


मिति-२०८०/०६/०७

## प्रेस विज्ञप्ति

२०८० साउन यता सर्लाही जिल्लाको मलङ्गवा नगरपालिकामा कृष्णाष्टमी पुजाको मूर्ती जलप्रवाह ,विश्वकर्मा पुजाको मुर्ति जलप्रवाह र गणेश पुजाको मुर्ति जलप्रवाह गर्न जाँदा पथमा अवरोध उत्पन्न गराई द्वन्द्ध सिर्जना गरिएको र सो वाट सृजित प्रतिकुल अवस्थाले समाजलाई नै विभक्त र चिन्तित तुल्याएको छ ।

यसै क्रममा गत शुक्रबार साँझ गणेश चतुर्थीको मुर्ति सेलाउन जाने क्रममा पुनः झडप भएको र सो घटनाले उग्र रुप लिएको छ । उक्त घटनामा १ जना गम्भीर घाइते समेत भएको कुरा सम्प्रेषित भएको छ । घाइतेहरुको शीघ्र स्वास्थलाभकोलागि राज्यले संसाधनहरुको तत्कालै व्यवस्था गरोस् । साथै धार्मिक तथा सामाजिक सद्भावमा श्रीबृद्धिको लागि सबैमा अपिल गरिन्छ ।

यसका साथै कानुन विपरीत कार्य गर्ने जो कोहीलाई पनि कानुनको दायराभित्र ल्याउन प्रशासन हिचकिचाउनु हुंदैन ।घटनाहरूको स्थलगत सत्य,तथ्य जानकारी प्राप्त गर्न मधेशी आयोगले अनुगमन टोली पठाएको छ । सम्वन्धित सबै सरोकारवालाहरुले घटनाहरूको सम्बन्धमा अनुगमन टोलीलाई यथोचित जानकारी गराई सहयोग गरी दिनु हुन आयोग पुनः अपील गर्दछ ।

रुद्र प्रसाद लामिछाने

सचिव